# वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## करार .कर्मचारी छनोट सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०४)

प्रस्तुत विषयमा यस कार्यालयको **करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ र G2G अन्तर्गत कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१** बमोजिम देहायको पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| क्र. स. | विज्ञापन नं. | पद | तह | सेवासमूह/ | माग पद संख्या | किसिम | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | महिला | आ.ज. | दलित |
| १ | १९/०८१/०८२ | अ.हे.ब. | सहायक चौथो | स्वास्थ्य / हेल्थ इन्सपेक्सन | ४ | २ | १ | १ | ० |
| २ | २०/०८१/०८२ | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य / जनरल नर्सिङ्ग | ६ | ३ | १ | १ | १ |

विस्तृत जानकारीका लागि यस नगरपालिकाको वेबसाईट **www.birendranagarmun.gov.np** मा हेर्नुहुन वा फोन नं. ०८३-५२०७५० मा सम्पर्क गर्नुहुन साथै दरखास्त फारम वेबसाईटबाट डाउनलोड गरी भरेर प्रशासन शाखामा पेश गर्नुहुन

क) परीक्षाको किसिमः- लिखित र अन्तरवार्ता विधिद्वारा छनोट गर्ने ।

ख) **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**-देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफूले नै प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. सम्वन्धित पदको लागि न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
३. शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
४. स्थानीय बासिन्दाको हकमा/नागरिकता/जन्मदर्ता/बिवाहदर्ता/बसाईसराई दर्ताको प्रमाणपत्रको प्रतिलिपि
५. नगरपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद

ग) उमेर हदः- दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई महिला उम्मेदवारको हकमा ४५ वर्ष र पुरुष उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनु पर्ने ।

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

घ) कार्यसर्त तथा सेवा सुविधा:- वीरेन्द्रनगर नगरपालिका सुर्खेत स्थित विभिन्न स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी G2G कार्यक्रमले व्यवस्थापन गरेको बजेटबाट मासिक रु. २५,०००।—(पच्चीस हजार रूपैया) भुक्तानी हुने गरी कार्यक्रम अवधिभर मात्र ।

ङ) दरखास्त दस्तुर:- रु. ४००।— समावेशी समूहमा उम्मेदवारी दिँदा थप प्रति समावेशी समूह वापत रु.२००।

च) दरखास्त वुझाउने अन्तिम मिति :- २०८१/०८/०९ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०८१/०८/१० गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा ।

छ) दरखास्त फारम:-यस कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेबसाईट www.birendranagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ । रितपूर्वक दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ। रित नपुगी तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

ज) कर्मचारी छनोट सम्वन्धमा थप अन्य निर्णय लिने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ ।

झ) आवश्यक न्युनतम योग्यता

१) स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह अ.हे.ब. सहायकस्तर चौंथो पदका लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.ब. कोर्ष उत्तीर्ण गरी सम्वन्धित काउन्सिल दर्ता भएको हुनु पर्ने छ ।

२) स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, अ.न.मी. सहायकस्तर चौंथो पदका लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी सम्वन्धित काउन्सिल दर्ता भएको हुनु पर्ने छ ।

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत